ネパール語(NP)

संलग्न कागजात 1

# रेस्टुरेन्ट आदि प्रयोग गर्दा सङ्क्रमणको जोखिमबाट बच्न पालना गर्नुपर्ने कुराहरूबारे

| | रेस्टुरेन्ट आदिले पालना गर्नुपर्ने कुराहरू | प्रयोगकर्ताले पालना गर्नुपर्ने कुराहरू |
|---|---|---|
| रेस्टुरेन्ट र इजाकाया आदि | ○प्रयोगकर्ताबीच भौतिक दूरी कायम गर्ने आदि<br>· ग्राहकहरूलाई एकआपसमा सीधै अगाडिको सिटमा नबसाली सिटहरूबीच 1m को दूरी कायम राख्ने अथवा टेबुलमाथि एक्रिलिक बोर्ड आदि राखेर छुट्याउने।<br>· टेबुलहरूबीच 1m को दूरी राख्ने वा एक्रिलिक बोर्डले छुट्याउने।<br>· काउन्टरमा सिटहरूबीच 1m वा सोभन्दा धेरै दूरी कायम राख्ने अथवा काउन्टर टेबुलमाथि एक्रिलिक बोर्ड आदि राखेर छुट्याउने।<br>○पसलभित्रको हावा पटक-पटक ताजा बनाउने<br>· प्रत्येक 30 मिनेटमा 5 मिनेटजति 2 फरक दिशाको झ्याल पूरै खुल्ला राख्ने आदि गरेर पूर्ण रूपले पसलभित्रको हावा ताजा बनाउने।<br>○प्रयोगकर्तालाई आह्वान गर्ने आदि<br>· खानपिन गर्ने बेलाबाहेक पनि सधैँ मास्क लगाउन प्रोत्साहित गर्ने।<br>· पसलमा आएको बेला शारीरिक तापक्रम नाप्न र हात कीटाणुशोधन गर्न प्रोत्साहित गर्ने।<br>· प्रयोगकर्ताहरूले एकअर्काको गिलास वा कचौरामा मदिरा नथप्न, फरक-फरक मान्छेहरूले एउटै गिलास वा कचौराबाट नपिउन र ठूलो स्वरले नबोल्न आग्रह गर्ने।<br>· लामो समय (2 घण्टाभन्दा धेरै) पसलमा नबिताउन आग्रह गर्ने।<br>· एउटा ग्रुपका धेरै जना व्यक्ति दुई वटाभन्दा धेरै टेबुलमा छुट्टिएर बस्ने बेला एउटा टेबुलबाट अर्को टेबुलमा नजान आग्रह गर्ने। | ○बुकिङ गर्ने बेला<br>· सङ्क्रमण रोकथाम घोषणा स्टिकर अथवा सङ्क्रमण रोकथाम मार्क टाँसेर देखाउने पसल प्रयोग गर्ने, जहाँ प्रयोगकर्ताबीचको भौतिक दूरी कायम राख्ने र पसलभित्रको हावा पटक-पटक ताजा बनाउने आदि उपायहरू राम्रोसँग अपनाइरहेको छ।<br>○प्रयोग गर्ने बेला<br>· प्रयोग गर्ने रेस्टुरेन्ट आदिले अपनाउने सङ्क्रमण रोकथाम उपायहरू पालना गरी सहयोग गर्ने।<br>· खानपिन गर्ने बेलाबाहेक पनि मास्क लगाउने।<br>· पसलमा आएको बेला शारीरिक तापक्रम नाप्न र हात-औँलाको कीटाणुशोधन गर्ने।<br>· प्रयोगकर्ताहरूले एकअर्काको गिलास वा कचौरामा मदिरा थप्ने, फरक-फरक मान्छेहरूले एउटै गिलास वा कचौराबाट पिउने र ठूलो स्वरले बोल्नेजस्ता सङ्क्रमणको जोखिम उच्च पार्ने खालका व्यवहार नगर्ने।<br>· लामो समय (2 घण्टाभन्दा धेरै) रेस्टुरेन्ट प्रयोग नगर्ने।<br>· एउटा ग्रुपका धेरै जना व्यक्ति दुई वटाभन्दा धेरै टेबुलमा छुट्टिएर बसेको बेला एउटा टेबुलबाट अर्को टेबुलमा नजाने। |

| | | |
|---|---|---|
| पार्टी हल | ○प्रयोगकर्ताबीच भौतिक दूरी कायम गर्ने आदि<br>・खानाको व्यवस्था गरिन्छ भने हलमा अट्ने सङ्ख्याको 50% सम्ममा सीमित बनाउने।<br>・खानाको व्यवस्था गरिन्छ भने बसेर खाने प्रबन्ध गर्ने। (उभिएर खाने प्रबन्ध नगर्ने)<br>・ग्राहकहरूलाई एकआपसमा सीधै अगाडिको सिटमा नबसाली सिटहरूबीच 1m को दूरी कायम राख्ने अथवा टेबुलमाथि एक्रिलिक बोर्ड आदि राखेर छुट्याउने।<br>・टेबुलहरूबीच 1m को दूरी राख्ने वा एक्रिलिक बोर्डले छुट्याउने।<br>・वक्ता (मञ्च) र सहभागीहरूको बीचमा 2m भन्दा धेरै दूरी कायम गर्ने अथवा एक्रिलिक बोर्ड आदि राखेर छुट्याउने।<br>○पसलभित्रको हावा पटक-पटक ताजा बनाउने<br>・भेन्टिलेसन मेसिनले वा ढोका खुल्लै राखेर हलभित्रको हावा ताजा बनाउने।<br>○प्रयोगकर्तालाई आह्वान गर्ने आदि<br>・आयोजकलाई सहभागीहरूको जानकारी लिइराख्नको लागि अग्रिम दर्ता प्रणाली आदि प्रयोग गर्न भन्ने।<br>・खानपिन गर्ने बेलाबाहेक अरू समयमा मास्क लगाउन पसलमा घोषणा आदिद्वारा प्रोत्साहित गर्ने।<br>・पसलमा आएको बेला शारीरिक तापक्रम नाप्न र हात कीटाणुशोधन गर्न प्रोत्साहित गर्ने।<br>・प्रयोगकर्ताहरूले एकअर्काको गिलास वा कचौरामा मदिरा नथप्न, फरक-फरक मान्छेहरूले एउटै गिलास वा कचौराबाट नपिउन र ठूलो स्वरले नबोल्न आग्रह गर्ने।<br>・लामो समय (2 घण्टाभन्दा धेरै) पसलमा नबिताउन आग्रह गर्ने।<br>・एउटा टेबुलबाट अर्को टेबुलमा नजान आग्रह गर्ने। | ○बुकिङ गर्ने बेला<br>・आयोजकले सहभागी हुने अनुमान गरिएको सङ्ख्याको आधारमा सहभागी व्यक्तिबीचको दूरी (सिटमा बसेको बेला 1m वा सोभन्दा धेरै) कायम गर्न सक्नेजतिको ठूलो हल चयन गर्ने।<br>・खानाको व्यवस्था गरिन्छ भने हलमा अट्ने सङ्ख्याको 50% सम्ममा सीमित पार्ने।<br>・उभिएर खाने प्रबन्ध नगर्ने।<br>○प्रयोग गर्ने बेला<br>・प्रयोग गर्ने पार्टी हलले अपनाउने सङ्क्रमण रोकथाम उपायहरू पालना गरी सहयोग गर्ने।<br>・खानपिन गर्ने बेलाबाहेक अरू बेलामा पनि मास्क लगाउने।<br>・पसलमा आएको बेला शारीरिक तापक्रम नाप्न र हात-औँलाको कीटाणुशोधन गर्ने।<br>・प्रयोगकर्ताहरूले एकअर्काको गिलास वा कचौरामा मदिरा थप्ने, फरक-फरक मान्छेहरूले एउटै गिलास वा कचौराबाट पिउने र ठूलो स्वरले बोल्नेजस्ता सङ्क्रमणको जोखिम उच्च पार्ने खालका व्यवहार नगर्ने।<br>・लामो समय (2 घण्टाभन्दा धेरै) पार्टी हलको प्रयोग नगर्ने।<br>・एउटा टेबुलबाट अर्को टेबुलमा नजाने। |